# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको बार्‍हौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/११/०७ गते वसेको संचालक समितिको २१५ औं वैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिंम संस्थाको बार्‍हौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय बमोजिंमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २२०७७ फाल्गुण २९ गते शनिबार (तदनुसार १३ मार्च २०२१ ई.स.)

**समय** :- विहान ११.३० बजे

**स्थान** :- नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

२. उपस्थिति

**क) संचालकहरुको उपस्थिति :**

| क.स. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | २१,७६१ |
| २ | श्री होम कान्त चौंलागाई | संचालक | संस्थापक समुह | २६,९२० |
| ३ | श्री राम बाबु सिलवाल | संचालक | संस्थापक समुह | १८,०९२ |
| ४ | श्री रामचन्द्र वन्जाडे | संचालक | सर्वसाधारण समुह | २०,३९४ |
| ५ | श्री भुपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | ९,३९५ |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | सर्वसाधारण समुह | १,९२२ |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री उदय राज खतिवडा | पूर्व प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री कमल प्रसाद नेपाल | प्रमुख व्यवसाय तथा संचालन अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि. , नागपोखरी |

**ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

| क.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत | |
| २ | श्री प्रदीप कुमार सिंह | नायब कार्यकारी प्रमुख | |
| ३ | श्री समीर राज जोशी | नायब कार्यकारी प्रमुख | |
| ४ | श्री गोपाल राज विष्ट | सहायक प्रबन्धक | |
| ५ | श्री मधुसुदन अधिकारी | सहायक प्रबन्धक | |

३. **सभाको वैधानिकता :**

**क) सभाको बारेमा सार्वजनिक सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७७/११/०८ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७७/११/०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०७७/११/१३ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका महानुभावहरुलाई आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना तथा प्रोक्सी फारमहरु यस संस्थाले सार्वजनीक गरी सकिएको ब्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७७ फाल्गुण १३ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क.स. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १५२ | १९,८५,४७१.८१ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | ३,४८० | १६,७३,८९९.३९ | |
| | जम्मा | ३,३११ | ३६,५९,३७१.२० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त ब्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिम बोलाईएको हुंदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३६,५९,३७१.२० | १८,१०,२३२ | ३,०६,३९७ | १३२ | १७३ | २१,१६,६२९ | ५७.८४ |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

**साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनूसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.ब २०७७/०७८ को लेखा परिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी (स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात कायम हुन आएको कुल चुक्ता पूंजी रु. ३६,५९,३७,१२०/-) को ०.६५२१४२१९५९०५१३३% ले हुन आउने रु. २३,८६,४३०/३७ नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको हाल कायम चुक्ता पूंजी रु. ३६,५९,३७,१२०/- को १२.३९०७०१७% को दरले हुने रु. ४,५३,४२,१७७/- बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) वित्तीय संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि गर्ने र सोही वमोजिंम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संम्बन्धमा ।

३) वित्तीय संस्थाको मिति २०७६/०४/११ गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. २, मिति २०७६/०८/२८ गते सम्पन्न एघारौं वार्षिक साधारण सभाबाट पारीत विशेष प्रस्ताव नं. ३ र मिति २०७७/०४/१० गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. ६ माथि छलफल गरी आवश्यक निर्णय लिने संम्बन्धमा ।

४) अध्यक्ष तथा सन्चालकहरुको संचार खर्च, पत्रपत्रिका खर्च, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च संशोधन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समभ्कदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवंम प्राप्तीसंग संम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने संम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिंमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने संम्बन्धमा ।

६) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

७) विविध ।

## ५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन

५.१ स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिंम लघुवित्त वित्तीय संस्थाको बार्हौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व ५० प्रतिशत भन्दा वढी भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानुन अनुसार तथा वित्तीय संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने ब्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराए पछि विहान ११:३० बजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षता तथा अन्य संचालकज्यूहरुको उपस्थितिमा बार्हौं बार्षिक साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

## ६. बार्हौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :

बार्हौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो । यस क्रममा आ.व. २०७६/७७ मा वित्तीय संस्थाले गरेको प्रगति तथा आ.व. २०७७/७८ को भावी योजना तथा अन्य कार्यक्रमहरुका वारेमा समेत संक्षेपमा प्रकाश पार्नु भयो ।

## ७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

७.१ शेयरधनी **श्री उदय राज खतिवडा ज्यूले** कार्यक्रमको गुणस्तरियतामा विशेष ध्यान पुऱ्याउन आग्रह गर्नु भयो । लघुवित्तका मापदण्ड पालन गरी कामलाई अगाडि वढाउन सुझाव दिनु भयो । खराब कर्जा बढ्दै गएकोले सो को व्यवस्थापन गर्नु पर्ने वताउनु भयो । प्राप्तिको कार्य समाप्त भएकोले व्यवसायीक हिसावले कर्मचारी एक अर्कामा समिश्रण गराउनु पर्ने, क्षमता अभिवृद्धिको लागि कार्य गर्नु पर्ने, कर्जाको आकार वढाउंदा मापदण्ड तोक्नु पर्ने र संचालक समितिले खरो नेतृत्व दिनु पर्ने सुझाव दिनु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2065

७.२ शेयरधनी **श्री उद्धव प्रसाद घिमिरे**ज्यूले मन्तव्य राख्दै यस्तो असहज परिस्थितिमा प्राप्त प्रतिफल राम्रो नै मान्नु पर्ने भन्दै धन्यवाद दिँदै मन्तव्य शुरु गर्नु भयो । कर्मचारी खर्च तथा अन्य संचालन खर्चलाई मितव्ययी बनाउनु प-यो । वासलात राम्रो छ । NFRS लागु गर्नु पर्‍यो । बार्षिक साधारण सभा ढिलो हुन गएकोले आगामी दिनमा समयमा नै गर्न सुझाव दिनु भयो ।

७.३ शेयरधनी **श्री श्रीराज जोशी**ज्यूले मन्तव्य राख्दै काठमाण्डौमा साधारण सभा राखि दिनु भएकोमा धन्यवाद दिनु भयो । बोनश शेयर चांडै लिस्टिङ्ग गर्नुहोस भनि सुझाव दिनु भयो । असहज परिस्थितिमा प्राप्त प्रतिफलको लागि समेत धन्यवाद दिनु भयो । आगामी वर्षमा कर छुट हुने भएकोले सकभर वढी प्रतिफल दिन समेत अनुरोध गर्नु भयो । ३.२ भनेको के हो स्पष्ट पारी दिनुहुन अनुरोध गर्नुभयो । एफ पि ओ आउंछ कि आउँदैन । प्रतिवेदनमा आगामी वर्षको संस्थाको लक्ष्य समेत राख्न सुझाव दिनुभयो । कमाइ घट्दै गएकोले EPS घटेर ५ प्रतिशतमा झर्ने हो कि भन्ने चिन्ता व्यक्त गर्नु भयो ।

७.४ शेयरधनी **श्री नरसिंह लाल चखुनज्यूले** Balance sheet राम्रो छ । व्यवसाय राम्रो संग अगाडि बढाउन सल्लाह दिनुभयो । नाफा बढाउन पर्‍यो EPS बढ्नु पर्‍यो भन्ने सल्लाह दिनु भयो । प्रतिफलको लागि धन्यवाद दिदैं अरु संस्थाभन्दा राम्रो निती ल्याई अगाडि वढ्न अनुरोध गर्नु भयो ।

७.५ शेयरधनी **श्री चन्द्र नारायण श्रेष्ठज्यूले** यस्तो महामारीको समयमा पनि करिब १३ प्रतिशत बोनश प्रदान गर्न लाग्नु भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । कोषको लागत वढी देखिएकोले घटाउन प्रयास गर्न सुझाव दिनु भयो । फिनसफ्ट कम्पनीमा लगानी गर्नु भएको देखिएको र जलविद्युत क्षेत्रमा समेत लगानी गर्नु भए राम्रो हुन्थ्यो भन्ने सुझाव दिनु भयो ।

**८. सभामा शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी ५ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा भाग लिनु भयो तथा वंहाहरुले आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । यसरी वंहाहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि वढाउने वताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर बुंदागत रुपमा जवाफ दिनु भयो ।

**९. सभाका निर्णयहरु :**

**साधारण प्रस्तावहरु**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन सभाबाट पारित गरियो ।

२. यस वित्तीय संस्थाको लेखा परीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण

तथा अनुसूचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. आ.व. २०७७/७८ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारीश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा श्री पी एल आर जी एशोसियट्स, चार्टड एकाउण्टेन्टस, काठमाण्डौ, नेपाल लाई लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पुर्ण कार्य (वार्षिक लेखा परीक्षण , कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि संम्पुर्ण कर सहीत रु. १,४१,२५०/- (अक्षरुपी, एक लाख एकचालीस हजार दुई सय पचास मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय सभाबाट पारित गरियो ।

४. यस वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७६/७७ को मुनाफा बाट चुक्ता पूंजीको ०.६५२१४२१९५९०५१३३% ले हुन आउने रु.२३,८६,४३०.३७ (अक्षरुपी, तेईस लाख छयासी हजार चार सय तीस रुपैंया सैंतीस पैसा मात्र) नगद लाभांश (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) दिने प्रस्ताव सभाबाट पारित गरियो ।

**विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७६/७७ को मुनाफा तथा अन्य जगेडा कोषबाट चुक्ता पूंजीको आधारमा ३६,५९,३७,१२०/- को १२.३९०७०१७% को दरले हुने रु. ४,५३,४२,१७७/- (अक्षरुपी, चार करोड त्रीपन्न लाख बयालीस हजार एक सय सतहत्तर रुपैया मात्र) बराबरको बोनस शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरि छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूंजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरीयो ।

२. यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि सम्बन्धि प्रस्ताव सभामा प्रस्तुत गर्दा यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को “क”, “ख” र “ग” अनुसार अधिकृत पुंजी १,००,००,००,००० /- (अक्षरुपी, एक अरब रुपैया मात्र), जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि (प्रस्तावित १२.३९०७०१७% प्रतिशत वोनस जारी) पछि रु.४१,१२,७९,२९७/-(अक्षरुपी, एकचालीस करोड बाह्र लाख उनान्असी हजार दुई सय सन्तानब्बे रुपैया मात्र) हुने निर्णय सभाबाट गरियो । साथै यस सभाको निर्णय पश्चात वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा हुने आवश्यक संशोधनको तीन महले विवरण तपशिल वमोजिंम नियामक निकायमा पेश गर्ने निर्णय गरियो ।

३. वित्तीय संस्थाको मिति २०७६/०४/११ गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. २, मिति २०७६/०८/२८ गते सम्पन्न एघारौं वार्षिक साधारण सभाबाट पारीत विशेष प्रस्ताव नं. ३ र मिति २०७७/०४/१० गते सम्पन्न विशेष साधारण सभाबाट पारीत प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७७ को निर्देशन नं. १०/०७७ संस्थापक शेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्थाको १५ क बमोजिम संस्थाले मर्जर तथा प्राप्तिको प्रक्रियाबाट नै पुंजी तथा पुंजी कोष सुदृढ गर्ने तथा हकप्रद शेयर जारी गर्न नदिने निर्देशनलाई सभामा जानकारी गराईयो । यसरी जानकारी गराउंदा सभाबाट नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई भविष्यमा हकप्रद दिने थप कुनै निर्देशन प्राप्त भएमा संलग्न तीन महले बमोजिम यस सभाले प्रस्ताव गरेको बोनस शेयर

प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूंजीको १:१ बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस सभाबाट समेत पुन: अनुमोदन गर्ने निर्णय गरियो । साथै यस सभाको निर्णय पश्चात वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा हुने आवश्यक संशोधनको तीन महले विवरण तपशिल बमोजिम नियामक निकायमा पेश गर्ने निर्णय गरियो ।

४. अध्यक्षज्यू तथा सन्चालकज्यूहरुको संचार खर्च, पत्रपत्रिका खर्च, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च संलग्न तीन महलेमा उल्लेख भए बमोजिम संशोधन गर्ने र सोही वमोजिंम नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

५.यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, संम्पत्ती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसंग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पुर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे वमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि वढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा गरे वमोजिंम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरवदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

७. क) यस वित्तीय संस्थाको सम्पुर्ण कार्यहरु बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३ अनुसार हुँदै आईरहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ जारी भई सकेकोले सोही अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्ताव सभामा पेश गर्दा सोही अनुसार संशोधन गर्न सभाबाट स्वीकृति प्रदान गरियो । साथै यस सभाको निर्णय पश्चात वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा हुने आवश्यक संशोधनको तीन महले विवरण तपशिल वमोजिंम नियामक निकायमा पेश गर्ने निर्णय गरियो ।

ख) विविध अन्तर्गत अन्य विषयहरु नरहेको हुंदा अध्यक्षज्यूबाट धन्यवाद सहित छलफलका सूचिहरु सकिएको जानकारी गराउनु भयो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको बार्षौं बार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुँदै साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
Banepa, 2005